नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;
प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीज्यूको अध्यक्षतामा आज मिति २०७८/०९/२६ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, लालबाबु कवारी, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

उप.अनु. नि. , श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

सेनानी, श्री रबिन कार्की, श्री शेर गण चोहर्वा, सिरहा, सदस्य

प्रहरी नायव उपरीक्षक, श्री सुभाष बुढाथोकी , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी नायव उपरीक्षक, श्री बिनोद थापा , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख, श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख, श्री डा. दिलिप कुमार सदा, हेल्प डेस्क माडर,सिरहा

स्वास्थ्य प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा शाखा, सिरहा

अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग बाणिज्य संघ, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष, श्री शैलेन्द्र ठाकुर, प्रादेशिक अस्पताल विकास समिति, सिरहा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७८/०९/२६ गते।**

**बैठकको कारवाही एवम् निर्णय**

१. DCMC को यस अघिको कार्यान्वयन हुन वाँकी रहेको निर्णयको कार्यान्वयन गर्ने

२. कोभिड -१९ विरुद्धको खोप लक्षित समुदायमा पौष मसान्तसम्म दुई तिहाई र चैत्र मसान्तसम्म शत प्रतिशतलाई लगाई सक्ने नेपाल सरकारको नीति बमोजिम मिति २०७८/०९/१९ गते सम्म सिरहा जिल्लाको कोभिड -१९ विरुद्धको खोपको प्रगति देहाय बमोजिम रहेको ;

- १२ देखि १७ वर्ष उमेर समुहमा प्रथम डोजको प्रगति ८८ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा प्रथम डोजको प्रगति ५३ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा दोस्रो डोजको प्रगति ४२ प्रतिशत।

३. जिल्लाका देहायका स्वास्थ्य संस्थाहरुमा सार्वजनिक विदाको दिन वाहेक नियमित रुपमा कोभिड - १९ विरुद्धको खोप संचालनमा रहेको जानकारी प्राप्त भयो।

| क्र.स. | स्वास्थ्य संस्था | स्थानीय तहको नाम |
|---|---|---|
| १ | प्रादेशिक अस्पताल सिरहा | सिरहा न.पा. |
| २ | प्रादेशिक अस्पताल लहान | लहान न.पा. |
| ३ | प्रा.स्वा.के. मिर्चैया | मिर्चैया न.पा. |
| ४ | प्रा.स्वा. के. औरही | औरही गा.पा. |
| ५ | स्वास्थ्य चौकी गोलबजार | गोलबजार न.पा. |
| ६ | स्वास्थ्यचौकी कल्याणपुर | कल्याणपुर न.पा. |
| ७ | स्वास्थ्य चौकी सुखिपुर | सुखिपुर न.पा. |
| ८ | स्वास्थ्य चौकी अर्नामा | अर्नामा गा.पा. |
| ९ | स्वास्थ्य चौकी नरहा बल्कावा | नरहा गा.पा. |
| १० | कोभिड अस्पताल कर्जन्हा | कर्जन्हा न.पा. |
| ११ | मालपोत कार्यालय लहान | लहान न.पा. |
| १२ | स्वास्थ्य चौकी बिष्णुपुर | बिष्णुपुर गा.पा. |
| १३ | स्वास्थ्य चौकी लक्ष्मिपुरपतारी | लक्ष्मिपुरपतारी गा.पा. |
| १४ | स्वास्थ्य चौकी इटहर्वा | सखुवानन्कारकट्टी गा.पा. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

४. होल्डिङ्ग सेन्टर संचालन व्यवस्थापन सम्वन्धमा :

- Point of entry Madar (खैरटोका भन्सार ) मा संचालित होल्डिङ्ग सेन्टरलाई थप व्यवस्थित गर्न सिरहा न.पा. र ठाडी भन्सार भगवानपुर गा.पा. मा होल्डिङ्ग सेन्टर संचालन व्यवस्थापनको लागि भगवानपुर गा.पा. लाई अनुरोध गर्ने
- होल्डिङ्ग सेन्टरहरुमा थप कर्मचारी परिचालन गरिदिन सम्वन्धित पालिकालाई र स्वंय सेवक परिचालनको लागि नेपाल रेडक्रस सोसाइटी सिरहालाई अनुरोधं गर्ने।
- यस जिल्लाका नाकाहरुबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको अनिवार्य रुपमा कोभिड स्क्रिनिङ्ग र एन्टीजेन टेस्टको निरन्तरताको साथै ओमिक्रोनको सर्विलेन्सको लागि एन्टिजेन टेस्टमा पोजेटीभ देखिएका व्यक्तिहरुको प्रादेशिक अस्पताल सिरहाको PCR ल्याव सँग समन्वय गरी स्वाब संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउने।
- होल्डिङ्ग सेन्टर तथा हेल्प डेस्कहरुमा पत्ता लागेको सामान्य अवस्थाका संक्रमित व्यक्तिहरुलाई स्वास्थ्य मापदण्ड पालना गरी होम आईसोलेसनमा बस्ने सर्तमा निजको परिवार/अभिभावकलाई जिम्मा लगाउने। जिल्लाका विभिन्न न.पा./गा.पा. को होम आईसोलेसनमा बसेको संक्रमित व्यक्तिहरुको स्वास्थ्य निगरानी सम्वन्धित स्वास्थ्य शाखाले गर्ने गराउने।
- अस्पताल भर्ना गर्नु पर्ने अवस्थाका संक्रमितहरुलाई प्रादेशिक अस्पताल सिरहाको आईसोलेसन सेन्टरमा पठाउने।

५. जिल्लाका विभिन्न स्थानीय तहहरुमा रहेका ५ वेडको अस्थाई कोभिड अस्पतालहरुलाई पुनः संचालनको लागि तयारी अवस्थामा राख्न सम्वन्धित पालिकालाई अनुरोध गर्ने।

६. संक्रमित मुलुक/क्षेत्रहरुको भ्रमण गरी फर्किएका व्यक्तिहरुलाई कम्तिमा १० दिनको होम क्वारेन्टाईनमा बस्नु पर्ने व्यवस्था अनुरुप बसे/नबसेको स्थानीय तहहरुले निगरानी गर्ने व्यवस्था मिलाउने।

७. मिति २०७८/०९/२६ गतेको नेपाल सरकार, शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयको प्रेस बिज्ञप्ती बमोजिम हालैका दिनहरुमा कोभिड-१९ को संक्रमण तीव्ररुपमा फैलिनुका साथै ओमिक्रोन भेरियन्टको संक्रमणको समेत पुष्टि भएका कारण विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा बचावटको विषयलाई विशेष ध्यान दिंदै देशभरका सवै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५ सम्म विदा दिने निर्णय गरिएको छ। विदाको उक्त अवधिमा १२ वर्ष देखि १७ वर्ष उमेर समुहका विद्यार्थीहरुलाई सवै स्थानीय तहमा रहेको स्वास्थ्य चौकी मार्फत खोप लगाउने कार्यक्रम रहेकोले विद्यालयसँग सम्पर्क गरी तोकिंएको दिनमा खोप लगाउने कार्यमा आफ्ना बालबालिकाहरुलाई पठाईदिनुहुन सवै अभिभावकहरुमा अनुरोध छ। विदाको अवधिमा विद्यालयहरुले सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाईमा आवश्यक सहजीकरण गर्ने प्रवन्ध मिलाउनु हुन तथा विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरुले पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षका कार्यक्रमहरु जनस्वास्थ्य र सुरक्षा मापदण्डहरु पूर्ण रुपमा पालना हुने गरी जेड आकारमा बसाई व्यवस्था गरी संचालन गर्ने गरी प्रवन्ध गर्न समेत सम्वन्धित सवैको जानकारीको लागि प्रकाशित सूचनाको व्यहोरा बैठकमा अवगत भयो। यसमा सवै सरोकारवालाहरुले सहयोग गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

८. सिरहा जिल्लामा कोभिड - १९ को संक्रमण एवम् व्यवस्थापन सम्वन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो ।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU वेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | १० | ५ | १६१९ | १०९ | ० | १५ | ७१९४ | ० | ० | ० | १५ | ० | ० | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |

प्रमुख जिल्ला अधिकारी